स्वच्छ संमृद्ध सुसंस्कृत इलाम

# इलाम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## शिक्षा,युवा तथा खेलकुद शाखा

इलाम

पत्र संख्याः ०७८/७९

चलानी नः २८६६

१ नं.प्रदेश,नेपाल

(छाप: इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा युवा तथा खेलकुद शाखा १ नं. प्रदेश, नेपाल)

मितिः २०७८/११/१०

श्री कक्षा ८ सञ्चालित सबै विद्यालयहरु,
इलाम नगरपालिका, इलाम ।

विषयः **आधारभूत शिक्षा (कक्षा ८) परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा निर्देशन ।**

प्रस्तुत विषयमा इलाम नगरपालिका नगर परीक्षा संचालन तथा समन्वय समिति इलामको मिति २०७८/११/१० गते बसेको बैठकको निर्णयानुसार २०७८ सालको **आधारभूत शिक्षा (कक्षा ८) परीक्षा** निम्न कार्यक्रम अनुसार संचालन तथा व्यवस्थापन गरिने भएकोले सबै विद्यालयहरुले सोही अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

**तपसिल**

१. परीक्षार्थीको तथ्याङ्क संकलन- विद्यालयले कक्षा ८ का विद्यार्थीको तथ्याङ्क IEMIS मा प्रविष्टि गरिसकेको हुँदा उक्त तथ्याङ्कमा विद्यार्थीको विवरण सच्याउनु परेमा पछिसम्म फरक नपर्ने गरी मिति **२०७८ फागुन मसान्त भित्रमा** Edit गरी Upload गरी सक्नु पर्नेछ । विद्यालयले कार्यालयले उपलब्ध गराएको फारममा आधारभूत शिक्षा (कक्षा ८) परीक्षामा सामेल हुने परीक्षार्थीको विवरण भरी भराई जन्मदर्ताको प्रतिलिपि सहित पटक पटक रुजु गरी **२०७८ साल फागुन मसान्त भित्रमा** शिक्षा युवा तथा खेलकुद शाखामा बुझाउनु पर्नेछ। (**२०७८ सालको परीक्षामा संलग्न हुने परीक्षार्थीको जन्ममिति २०६६ साल चैत्र मसान्त सम्मको मात्र हुनु पर्नेछ ।**) परीक्षा फारम **२०७८ फागुन १५** गतेदेखि कार्यालयबाट उपलब्ध गराइनेछ ।

२. परीक्षा तालिका - इलाम नगरपालिका अन्तर्गत संचालित विद्यालयहरुको मिति **२०७९/०१/०४ गते दिनको ठिक १:०० वजेबाट** देहायबमोजिमको परीक्षा तालिका अनुसार परीक्षा संचालन गर्ने ।

| गते | बार | साधारण शिक्षा तर्फका विषय | संस्कृत शिक्षा तर्फका विषय |
|---|---|---|---|
| २०७९।०१।०४ | आइतबार | अंग्रेजी | अंग्रेजी |
| २०७९।०१।०५ | सोमबार | नेपाली | नेपाली |
| २०७९।०१।०६ | मंगलबार | विज्ञान तथा वातावरण | संस्कृत रचना |
| २०७९।०१।०७ | बुधबार | सामाजिक अध्ययन र जनसंख्या शिक्षा | सामाजिक अध्ययन र जनसंख्या शिक्षा |
| २०७९।०१।०८ | बिहीबार | पेशा, व्यवसाय र प्रविधि शिक्षा | कर्मकाण्ड वा फलित ज्योतिष |
| २०७९।०१।०९ | शुक्रबार | स्वास्थ्य तथा शारीरिक शिक्षा र नैतिक शिक्षा | वेद वा नीति शास्त्र |
| २०७९।०१।११ | आइतबार | गणित | गणित |
| २०७९।०१।१२ | सोमबार | पर्यटन विकास | संस्कृत व्याकरण |

११।१० हेमकुमार गौतम
प्रमुख प्रशासकीय अधिकृत (अधिकृत दशौं)

क्रमशः

स्वच्छ संमृद्ध सुसंस्कृत इलाम

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा,युवा तथा खेलकुद शाखा
### इलाम

पत्र संख्या: ०७८/७९

चलानी नः

**१ नं.प्रदेश,नेपाल**

इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा युवा तथा खेलकुद शाखा १ नं प्रदेश, नेपाल

३. प्रवेश पत्र - परीक्षार्थीहरुलाई सम्बन्धित विद्यालयको प्रधानाध्यापकले प्रमाणित गरी प्रवेशपत्र दिनु पर्नेछ र प्रवेश पत्रमा रोल नं कायम गर्दा आफ्नो विद्यालयको कोड नं. (गत वर्ष कायम भएको कोड) पछाडि ००१ गर्दै तयार गर्नुपर्नेछ। उदाहरणका लागि विद्यालयको कोड ००३ छ भने उक्त विद्यालयले ००३००१, ००३००२ गर्दै रोल नं कायम गर्ने।

४. परीक्षा संचालन र व्यवस्थापनका लागि वजेट सामुदायिक विद्यालयका विद्यार्थीहरुका लागि नेपाल सरकारबाट प्राप्त अनुदान रकमवाट परीक्षा संचालन व्यवस्थापन हुनेछ भने संस्थागत विद्यालयको हकमा **प्रति विद्यार्थी रु ३५०।–** का दरले हुन आउने रकम मिति २०७८ फागुन मसान्त भित्रमा नेपाल बैंक लिमिटेड इलाम शाखामा रहेको **इलाम नगरपालिका आन्तरिक राजश्व खाता नं 04003000001001000001** मा जम्मा गरी एकप्रति भौचर सहित फारम बुझाउनु पर्नेछ।

५. कुनै परीक्षार्थी दृष्टिविहिन वा दुबै हात नचल्ने भएमा एक कक्षा मुनिको विद्यार्थीलाई लेखकको रुपमा व्यवस्था गर्न सकिनेछ। प्रधानाध्यापकले आफ्नै विद्यालयमा बढीमा कक्षा ७ सम्म अध्ययनरत विद्यार्थीलाई दुवै विद्यार्थीको फोटो समेत प्रमाणित गरी सिफारिस साथ पठाउनु पर्नेछ।

६. प्रयोगात्मक परीक्षा हुने सबै विषयको परीक्षा सबै विद्यालयहरुले **मिति २०७८ चैत्र १५ गते** भित्रमा आ - आफ्नो विद्यालयमा संचालन गरी परीक्षण समेत गराई विद्यालयले गत वर्षकै प्रक्रियाबमोजिम IEMIS को Software मा प्राप्ताङ्क Entry गरी सक्नु पर्नेछ।

७. नेपाली, अंग्रेजी, सामाजिक अध्ययन र जनसंख्या शिक्षा, गणित र विज्ञान तथा वातावरण विषय बाहेकका अन्य विषयहरुको परीक्षा समितिले तोकेको उपर्युक्त तालिकाबमोजिम सम्बन्धित विद्यालयले नै परीक्षा संचालन गरी उत्तरपुस्तिका परीक्षण गरी गराई एक प्रति प्रश्नपत्र, उत्तरपुस्तिका र प्राप्ताङ्क सहितको विवरण परीक्षा समाप्त भएको **मितिले ७ दिनभित्र** कार्यालयमा बुझाउनु पर्नेछ।

८. परीक्षा सम्बन्धी अन्य विवरण पुनः प्रकाशन गरिनेछ।

२०७८/११/१०

प्रेमकुमार गौतम
उप सचिव(अधिकृत दशौं)

**बोधार्थ:**

श्री सबै वडा कार्यालयहरु, इलाम नगरपालिका, इलाम - जानकारीको लागि।

श्री सूचना तथा प्रविधि शाखा, इलाम नगरपालिका, इलाम – वेभसाइटमा अपलोड गरिदिनु हुन।